ऐन नं.

रामेछाप नगरपालिकाको आर्थिक ऐन, २०७६

सभावाट स्विकृत मिति :-	२०७६।०३।२५

रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
३ नं. प्रदेश, नेपाल
२०७३

२०७६।३।२०
नर बहादुर थापा मगर
प्रमुख

रामेछाप नगरपालिका
रामेछाप बजार
३ नं.प्रदेश, नेपाल

रामेछाप नगरपालिकाको आर्थिक ऐन, २०७६

नगर सभाले पारित मिति : २०७६।०३।२५

प्रस्तावना : रामेछाप नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम रामेछाप नगरपालिकाको नगर सभाले यो ऐन पारित गरिएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम **"आर्थिक ऐन, २०७६"** रहेको छ ।

(२) यो ऐन नगर सभाले पारित गरे पछि २०७६ साल श्रावण १ गते देखि रामेछाप नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२.सम्पति कर :

(१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाले ओगटेको जग्गाको क्षेत्रफल को दुई गुणा जग्गामा सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ । तर गुठी जग्गामा सम्पत्ति कर लगाइने छैन ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर **अनुसूची (१)** मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजारमूल्य तथा ह्रास मूल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

(४) दफा (१) बमोजिम तोकिए बमोजिमको कर म्याद भित्र दाखीला नभएमा **अनुसूची (१३)** बमोजिमको थप शुल्क लिईने छ ।

३.भूमि कर (मालपोत) :

(१) नगरपालिका क्षेत्रभित्र **अनुसूची (२)** बमोजिम भूमिकर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । तर दफा २ बमोजिम सम्पत्ति कर लागाएको जग्गामा भूमीकर (मालपोत) लगाईने छैन ।

४.घर जग्गा बहाल कर :

(१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, प्रसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा बहालकर लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा वहाल करको दर **अनुसूची (३)** मा उल्लेख भएबमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि नगरपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।

५. व्यवसाय कर :

(१) नगरपालिका क्षेत्रभित्र वित्तिय कारोवार गर्ने संस्था, गैर सरकारी संघ संस्था, व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उप दफा (१) बमोजिम वित्तिय कारोवार गर्ने संस्था, गैर सरकारी संघ संस्था, परामर्श सेवा, निर्माण व्यवसायी तथा विद्यालय संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसायको दर्ता पश्चात् गरी व्यवसाय इजाजत प्रदान गरिनेछ । इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय ईजाजत पत्र नविकरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर सबै व्यवसायीहरुको संचालन अनुमति र बार्षिक शुल्क **अनुसूची (४)** मा तोकिए बमोजिम हुनेछ ।

नर बहादुर थापा मगर

(४) उप दफा (१) बमोजिम व्यापार व्यवसाय संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसायको दर्ता पश्चात् गरी व्यवसाय इजाजत प्रदान गरिनेछ । इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय ईजाजत पत्र नविकरण गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम लिइने व्यवसाय करको दर **अनुसूची (५)** मा तोकिए बमोजिम हुनेछ ।

(६) उपदफा (२ र ४) बमोजिमको इजाजत विना नगरपालिका क्षेत्रभित्र कुनै पनि वित्तिय कारोवार गर्ने संस्था, गैर सरकारी संघ संस्था, व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन ।

(७) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु कर :

(१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत **अनसूची (६)** बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तुकर लगाइने र असूल उपर गरिनेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको विल वा वीजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र नगरपालिकाले कर लगाउँदा कारोवार रकमको निश्चित प्रतिशतका दरले लगाउने छ ।

(२) उपदफा (१) बमोजिमका वस्तुको व्यवसायिक कारोवार गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले व्यवसाय इजाजत दिंदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ ।

७. विज्ञापन कर :

(१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचार प्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा **अनुसूची (७)** बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

८. मनोरञ्जन कर :

(१) नगरपालिका क्षेत्रभित्र संचालित सिनेमाहल, सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल, जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ ।

तर प्रदेश कानून बनि नसकेको अवस्थामा यस दफा बमोजिम नगरपालिकाले **अनुसूची (८)** बमोजिमको दरमा मनोरञ्जन कर लगाइने र उठाइनेछ ।

(२)उप दफा (१) बमोजिम नगरपालिकाले उठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

९. बहाल बिटौरी शुल्क :

(१) नगरपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा **अनुसूची (९)** बमोजिमको दरमा वहाल विटौरी शुल्क लगाउन र उठाउन सक्नेछ :

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,

(ग) नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

(२) उपदफा (१)को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहालमा दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल विटौरी शुल्क उठाउनका लागि नगरपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमा तोकेको न्यूनतम बहाल विटौरी शुल्कको दरमा वोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहाल विटौरीमा दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल विटौरीमा दिंदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

१०. पार्किङ्ग शुल्क :

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत पार्किङ्ग गर्ने समयको आधारमा **अनुसूची (१०)** मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(३) नगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ ।

११. सेवा शुल्क, दस्तुर :

(१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपप्लायर,र्‍याफ्टिङ्ग,प्यारागलाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तर सीमा नदी वा अर्को गाउँपालिका वा नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यवसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित गाउँपालिका/नगरपालिकासँग समन्वय गरी लगाइनेछ ।

(२) नगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) नगरपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

(३) नगरपालिकाले उपलब्ध गराउने तथा दिईने सिफारीस तथा सेवा बापत तोकीए बमोजिमको सेवा शुल्क वा दस्तुर लिईनेछ ।

(४) दफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर **अनुसूची (११)** मा उल्लेख भएबमोजिम हुनेछ ।

१२. विक्री शुल्क :

(१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र उत्पादन भै आफ्नो सिमा क्षेत्रभन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ ।

(२) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नगरपालिकाले गर्ने विक्री शुल्कको दर **अनुसूची (१२)** मा तोकिए बमोजिम हुनेछ ।

(४) कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलाम विक्री गर्न सक्नेछ ।

(५) कार्यपालिकाले नागरिकको सुविधाकोलागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा विक्री गर्नसक्नेछ ।

(६) उपदफा (१) बमोजिमका वस्तुहरु विक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असूलीका लागि विक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी बोलपत्र, दरभाउ पत्र वा डाँक बढावढ्को माध्यमबाट गरिने छ ।

१३.घरजग्गा रजिष्ट्रेशन शुल्क :

(१)घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ ।

(२) उपदफा (१) बमोजिमउठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँड गरिनेछ ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ ।

१४. दण्ड जरिवाना :

(१) नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ ।

१५. कर छुट :

(१) बार्षिक रुपमा तिर्नुपर्ने राजश्व सोही आर्थिक बर्षको पहिलो चौमासिक भित्र र मासिक रुपमा तिर्नुपर्ने राजश्वको हकमा महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजश्वको क्रमशः दश र पाँच प्रतिशत छुट दिइनेछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघ संस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

स्पष्टीकरण: लाभको उद्देश्य नराखी सञ्चालन हुने संघ संस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, वालगृह, अनाथाश्रम, बृद्धाश्रम जस्ता सामाजिक (गैर नाफामुलक) संघसंस्था सम्झनु पर्दछ ।

(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई नगर सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(४) कानूनमा व्यवस्था भएको अवस्थामा वाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

तर स्थानीय आर्थिक क्रियाकलापमा उल्लेखनीय योगदान पुर्‍याउने किसिमका उद्योग व्यबसायमा निश्चित अवधिसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

१६. प्रशासकीय पुनरावलोकन र पुनरावेदन :

(१) नगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निबेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निबेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा संलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहने छैन ।

(३) उपदफा (१) बमोजिम पुनरालोकनकोलागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) नगरपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकिय पुनरावलोकन नगरेको कारणले करदालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्दछ ।

१७.ठेक्का आह्वान गर्न सक्ने :

(१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्न सक्नेछ ।

नर बहादुर थापा नगर प्रमुख

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिंदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(३) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) नगरपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीबजन्तुकर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा सभाको निर्णय गराई ठेक्कामा संकलन गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यबस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ (संशोधन समेत) लाई आधार मानी गरिनेछ ।

१८. सहयोग गर्नुपर्ने :

संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले नगरपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

१९. प्रगतिशील कर प्रणाली अवलम्बन गरिने :

नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

२०. कार्यविधि बनाउन सक्ने :

(१) विधेयकको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका सम्वन्धित कार्यपालिकावाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

२१. प्रचलित कानुन बमोजिम हुने :

यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

२२. कार्यपालिकालाई अधिकार प्रत्यायोजन :

यस ऐनमा उल्लेख हुन नसकेको तर करका दर तोक्नु पर्ने अवस्था आएमा नगरसभाले नगर कार्यपालिकालाई एक आर्थिक बर्षका लागि अधिकार प्रत्यायोजन गर्न सक्नेछ र सो भए गरेको कुरा आगामी नगर सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

रामेछाप नगरपालिकाको आ.व.२०७६/७७ को लागि राजश्वको दर रेट यस प्रकार रहेको छ ।

अनुसूची १

(ऐनको दफा २ को उपदफा (२) संग सम्वन्धित)

सम्पत्ति करको दर

क) सम्पत्ति करको दररेट

क्र.सं.	विवरण	आ.ब २०७६/०७७ को दर (अंकमा)	आ.ब २०७६/०७७ को दर (अक्षरमा)
१.	रु. १ देखि रु. २ लाख सम्म	५०।००	पचास रुपैयाँ
२.	रु. २ लाख १ देखि रु. ५ लाख सम्म	२००।००	दुई सय रुपैयाँ
३.	रु. ५ लाख १ देखि रु. १० लाख सम्म	३००।००	तीन सय रुपैयाँ
४.	रु. १० लाख १ देखि रु.१५ लाख सम्म	४००।००	चार सय रुपैयाँ
५.	रु. १५ लाख १ देखि रु २० लाख सम्म	५००।००	पाँच सय रुपैयाँ
६.	रु. २० लाख १ देखि रु. २५ लाख सम्म	७५०।००	सात सय पचास रुपैयाँ
७.	रु. २५ लाख १ देखि रु. ३० लाख सम्म	११००।००	एक हजार एक सय रुपैयाँ
८.	रु. ३० लाख १ देखि रु. ३५ लाख सम्म	१५००।००	एक हजार पाँच सय रुपैयाँ
९.	रु. ३५ लाख १ देखि रु. ४० लाख सम्म	२०००।००	दुई हजार रुपैयाँ
१०.	रु.४० लाख १ देखि रु ४५ लाख सम्म	२५००।००	दुई हजार पाँच सय रुपैयाँ
११.	रु. ४५ लाख १ देखि रु ५० लाख सम्म	३२००।००	तीन हजार दुई सय रुपैयाँ
१२.	रु. ५० लाख १ देखि रु. ६० लाख सम्म	४३००।००	चार हजार तीन सय रुपैयाँ
१३.	रु. ६० लाख १ देखि रु. ७० लाख सम्म	५५००।००	पाँच हजार पाँच रुपैयाँ
१४.	रु. ७० लाख १ देखि रु. ८० लाख सम्म	७०००।००	सात हजार रुपैयाँ
१५.	रु. ८० लाख १ देखि रु. ९० लाख सम्म	८५००।००	आठ हजार पाँच सय रुपैयाँ
१६.	रु. ९० लाख १ देखि रु. १ करोड सम्म	१०,२००।००	दश हजार दुई सय रुपैयाँ
१७.	रु १ करोड १ देखि रु. १ करोड २० लाख सम्म	१३,०००।००	तेह्र हजार रुपैयाँ
१८.	रु. १ करोड २० लाख १ देखि रु. १ करोड ४० लाख सम्म	१४,५००।००	चौध हजार पाँच सय रुपैयाँ
१९.	रु.१ करोड ४० लाख १ देखि रु. १ करोड ६० लाख सम्म	१६,५००।००	सोह्र हजार पाँच सय रुपैयाँ
२०.	रु. १ करोड ६० लाख १ देखि रु. १ करोड ८० लाख सम्म	१८,५००।००	अठार हजार पाँच सय रुपैयाँ
२१.	रु. १ करोड ८० लाख १ देखि रु.२ करोड सम्म	२०,५००।००	विस हजार पाँच सय रुपैयाँ
२२.	रु. २ करोड १ देखि रु. २ करोड ५० लाख सम्म	२५,५००।००	पच्चीस हजार पाँच सय रुपैयाँ
२३.	रु. २ करोड ५० लाख १ देखी रु ३ करोड सम्म	३३,०००।००	तत्तीस हजार रुपैयाँ
२४.	रु. ३ करोड १ देखि रु. ३ करोड ५० लाख सम्म	४०,०००।००	चालिस हजार रुपैयाँ

नर बहादुर थापा मगर
प्रमुख

२५.	रु. ३ करोड ५० लाख १ देखि रु. ४ करोड सम्म	४७,०००।००	सत्चालिस हजार रुपैयाँ
२६.	रु. ४ करोड १ देखि रु. ४ करोड ५० लाख सम्म	५५,०००।००	पचपन्न हजार रुपैयाँ
२७.	रु. ४ करोड ५० लाख १ देखि रु. ५ करोड सम्म	६२,०००।००	वैसठी हजार रुपैयाँ
२८.	रु. ५ करोड १ देखि माथिको मुल्याङकन सम्म प्रति हजारका रु २ थप		

नोट : मुल्यांकन रकमलाई रु. लाखमा (round figure) मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

ख) जग्गाको मुल्याङ्कन गर्दा हाललाई मालपोत कार्यालयले जग्गा रजिष्ट्रेशन पारित गर्ने प्रयोजनको लागि निर्धारण गरेको न्युनतम मुल्याङ्कनलाई नै सम्पति कर प्रयोजनको लागि समेत न्यूनतम मुल्याङ्कन कायम गरि जग्गाको मुल्याङ्कन गर्ने ।

अनुसूची - १३

(ऐनको दफा २ को उपदफा (४) सँग सम्बन्धित)

म्यादभित्र विवरण दाखिला नभएमा लिइने थप शुल्कको दर

सम्पत्तिको मूल्यांकन रकम	चालू आ.व.भित्रै म्याद नाघेमा	एक आ.व. म्याद नाघेमा	म्याद नाघेको एक आ.व.पछि तेस्रो आ.व.सम्म	म्याद नाघेको तेस्रो आ.व.पछि पाँचौं आ.व.सम्म
जतिसुकै भए पनि (कर तिर्नु पर्ने रकमको)	१२ प्रतिशत	१५ प्रतिशत	१७ प्रतिशत	२० प्रतिशत

द्रष्टव्य : यस्तो जरिवाना प्रत्येक बर्षको लागि थप जोडिदै जाने छ ।

अनुसूची २

(ऐनको दफा ३ को उपदफा (१) संग सम्बन्धित)

भूमिकर (मालपोत) को दर

भूमि तथा मालपोत कर (रुपैया प्रति रोपनी) तपशिल अनुसार दर रेटमा लगाईने र असुल उपर गरिने छ ।

तपसिल

सि.नं.		विवरण	दर
१		**शहरी क्षेत्र**	
वडा नं.८	क	वडा नं.८ को बिटार पक्की पुल देखि भंगेरी धारापानी सम्म सडकले छोएको (दांया बांया)	४०।-
	ख	वडा नं.८ भंगेरी धारापानी देखी रामेछाप माथिल्लो बजार पशुपती मन्दिर र माथिल्लो बजारबाट रामेछाप अस्पताल सम्म सडकले छोएको (दांया बांया)	५०।-
	ग	अन्य क्षेत्रमा मोटर बाटोले छोएको	२५।-
	घ	बाँकी अन्य क्षेत्र	१०।-
वडा नं.३	क	साँघुटार बजार हिमगंगा मा.वि.देखि पक्की पुल हुदै बजार क्षेत्र र सामुदायिक भवन (हाल साँघुटारको वडा कार्यालय) सम्म मोटर बाटोले छोएको	४०।-
२		**ग्रामीण क्षेत्र**	
	क	मोटर बाटोले छोएको	१०।-
	ख	बाँकी अन्य क्षेत्र	५।-

साथै बक्यौता रकम रहेमा पहिलो वर्ष ५ प्रतिशतले र सो भन्दा माथि १० प्रतिशतले जरिवाना लिई भूमि तथा मालपोत संकलन गरिनेछ ।

अनुसूची ३

(ऐनको दफा ४ को उपदफा (२) संग सम्बन्धित)

घर जग्गा बहाल करको दर

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा व्यवसायिक प्रयोजनका लागि १० (दश) र घरायासी प्रयोजनका लागि ५(पांच) प्रतिशतका दरले बहाल कर लिइने छ ।

अनुसूची ४

(ऐनको दफा ५ को उपदफा (३) संग सम्बन्धित)

ब्यबसाय इजाजत संचालन (दर्ता नबिकरण) दस्तुरको दर

क्रम संख्या	व्यबसायको किसिम	संचालन अनुमति	वार्षिक शुल्क
१	**नाफामुलक संस्थाहरु**		
	(क) बाणिज्य बैंकहरु	५,०००।-	२,०००।-
	(ख) लघुवित्त संस्थाहरु	३,०००।-	१,५००।-
	(ग) बचत तथा ऋण सहकारी संस्थाहरु १ करोड भन्दा माथिको कारोवार लेखापरिक्षण प्रतिवेदन अनुसार	२,०००।-	१,०००।-
	(घ) बचत तथा ऋण सहकारी संस्थाहरु १ करोड भन्दा कम कारोवार लेखापरिक्षण प्रतिवेदन अनुसार	१,५००।-	१,०००।-
	(ङ) अन्य सहकारी संस्थाहरु	१,०००।-	७,००।-
	(च) रेमिट्यान्स् (मनिट्रान्सफर)	२,०००।-	१,०००।-
	(छ) टेलिफोन / ईन्टरनेट टावर	०	५,०००।-
२	**परामर्श सेवा**		
	ईन्जिनियरिङ्ग	५,०००।-	
	शैक्षिक	२,०००।-	
	अन्य परामर्श	१,०००।-	
३	निर्माण व्यवसायी		
	घ श्रेणी दर्ता	७,०००।-	
	रामेछाप नगरपालिका भन्दा बाहिरका कुनै फर्मले नगर क्षेत्र भित्र निमार्ण वा परामर्श जस्ता सेवा प्रदान गर्दा बाताबरणीय शुल्क बापत काम शुरु गर्नु अगावै पटके स्वीकृतिका लागि दस्तुर	१०,०००।-	
४	घ श्रेणी नवीकरण	३,०००।-	
५	निजि विद्यालयलाई व्यवसाय ईजाजत पत्र	१,०००।-	५००।-
६	गैर सरकारी संघ संस्थाहरु		१,०००।-
	गैससको कार्यक्रम स्वीकृत दस्तुर २०,००,००० सम्म	२,०००।-	
	गैससको कार्यक्रम स्वीकृत दस्तुर ५०,००,००० सम्म	५,०००।-	
	गैससको कार्यक्रम स्वीकृत दस्तुर १,००,००,००० सम्म	१०,०००।-	
	गैससको कार्यक्रम स्वीकृत दस्तुर १,००,००,००० भन्दा माथि	२०,०००	

वार्षिक शुल्क तिर्नु पर्ने करदाताले प्रत्येक आर्थिक बर्षको माघ मसान्त भित्र नविकरण गर्नु पर्ने र तोकिएको समयमा व्यवसाय ईजाजत संचालन अनुमति तथा वार्षिक शुल्क नविकरण नगरेमा प्रति महिना रु.१००। का दरले जरिवाना असुल गरिनेछ ।

अनुसूची ५

(ऐनको दफा ५ को उपदफा (५) संग सम्बन्धित)

व्यबसाय ईजाजत पत्रको कर दर (वार्षिक कर)

क.सं.	व्यबसायको किसिम	व्यबसाय कर रकम रु
१	सबै प्रकारको व्यवसाय ईजाजत पत्र दर्ता शुल्क	रु.५००।-
२	वार्षिक शुल्क	पूँजिको ०.१ प्रतिशत

आर्थिक बर्ष २०७६/७७ को लागि व्यवसाय नबीकरण ०७६ असोज मसान्त भित्र गर्नु पर्ने । तोकिएको समय भित्र नबिकरण नगरेमा प्रति महिना रु.५०। का दरले जरिवाना लगाउने । साथै असोज मसान्त भित्र सम्म पनि दर्ता हुन नआएका व्यवसायहरुकालागि आर्थिक वर्ष २०७५/७६ को विलम्ब शुल्क बापत रु.६००।- लिई नियमानुसारको शुल्क लिई व्यवसाय ईजाजत पत्र प्रदान गरिनेछ ।

अनुसूची ६

(ऐनको दफा ६ को उपदफा (१) संग सम्बन्धित)

जडिबुटी, कवाडी, जीवजन्तु करको दर (रकम रु.)

क्र. सं	करको किसिम	करको दर
क)	**ऊन, खोटो, फल, विज जाती, जडिबुटी, वनकस**	
१.	ऊन (प्राकृतिक, कृत्रिम, जगर) प्रति के. जी.	१।-
२.	खोटो प्रति के.जी.	२।-
३.	जटिबुटीहरु (.....) प्रति के. जी.	३।-
४.	बनकस (खर), बाबियो, मलहन पत्ता, छ्वाली, पराल, वगास, निगालो, लोकता, पटेर,अम्लिसो (कुच्चो) प्रति के.जी.	०।५०
५.	बोधिचित्त (बुद्धमाला) प्रति के.जि.	५,०००।-
६.	रुद्राक्ष प्रति के.जि.	५०।-
ख)	**कवाडी मालसामान .**	
१.	खाली सीसी (वियर) वोतलको साइज हेरी प्रति गोटा	०।१०
२.	खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि प्रति गोटा	०।१०
३.	खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल प्रभित गोटा	०।१०
४.	प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन आदि) प्रति के.जी	०।०५
५.	खाली बोरा : ५० के.जी सम्म खाद्यँन्न अँट्ने प्लाष्टिकका बोरा प्रति गोटा ५० के.जी. सम्म खाद्यान्न अँट्ने जुटका बोरा प्रति गोटा १०० के.जी. सम्म खाद्यान्नअँट्ने जुटका बोरा प्रति गोटा	 ०।१० ०।१० १।-
६.	तेलको टिन : १० लिटरभन्दा बढी अँट्ने ठूलो प्रति गोटा १० लिटरभन्दा कम अँट्ने सानो प्रति गोटा	 १।- ०।५
७.	पुनः प्रशोधन (रिसाइकलिङ्ग) गरी पुनः प्रयोग हुन सक्ने झिण्डु (प्राकृतिक र कृत्रिम उनका टुक्रा) प्रति के.जी गार्मेण्टको कपडाको टुक्रा प्रति के.जी.	 ०।१० ०।०

प्रमुख

	जलेको मोविल प्रति लिटर	०।१०
	जुट र प्लाष्टिकका बोरा प्रति के.जी.	०।१०
	कार्पेटका टुक्रा प्रति के.जी.	०।१०
	टायरट्यूब प्रति के.जी.	०।१०
	थोत्रो टिन प्रति के.जी.	०।१०
	पुरानो ड्रम प्रति के.जी.	०।१०
	पुराना कागज (अखबार, न्यूजप्रिन्ट) प्रति के.जी.	१।-
	पुराना अन्य कागज (कार्टुन समेत) प्रति के.जी.	०।१०
	धातुका टुक्राहरू र पत्रु भइ काम नलाग्ने भएका धातु सामानहरू	०।१०
	(क) फलाम प्रति के.जी.	
	(ख) अन्य धातु (पित्तल, तामा आदि) प्रति के.जी.	०।२०
	(ग) थोत्रिएर काम नलाग्ने मेशिनरी औजार प्रति के.जी.	१।-
	(घ) पोलिथिन पाइपका टुक्राहरू प्रति के.जी.	०।५०
	(ङ) सिसा (लिड) को धुलो वा टुक्रा प्रति के.जी.	०।१०
	(च) काँचको धुलो र टुक्रा प्रति के.जी.	०।०५
ग)	**प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मतृ वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला**	०।०५
	हाँस, कुखुरा जस्ता पंछीहरूको प्वाँख प्रति के.जी.	
	हाड प्रति के.जी.	१।-
	सिंग प्रति के.जी.	०।५०
	खूर प्रति के.जी.	१।-
	छाला (ठूलो) प्रति गोटा	१।-
	छाला (सानो) प्रति गोटा	१५।-
		१०।-

अनुसूची ७

(ऐनको दफा ८ को उपदफा (१) संग सम्बन्धित)

विज्ञापन करको दर

विज्ञापन सामग्रीको किसिम	करको दर (रकम रु)
नगरक्षेत्र भित्र राखिने होर्डिङ वोर्ड तथा व्यानरको	प्रति स्क्वायर फिट रु. ६०।-

अनुसूची ८

(ऐनको दफा ८ को उपदफा (१) संग सम्बन्धित)

मनोरञ्जन करको दर (रकम रु.)

क्र.स.	मनोरञ्जन व्यबसायको किसिम	वार्षिक करको दर
१.	सिनेमा हल, सांस्कृतिक प्रदर्शन हल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल,	प्रबेश शुल्को पाँच प्रतिशत
२.	जादू, सर्कस, चटक	दैनिक एक सय

अनुसूची ९

(ऐनको दफा ९ को उपदफा (१) संग सम्बन्धित)

बहाल बिटौरी शुल्कको दर (रकम रु.)

क्र.सं.	सम्पत्तिको किसिम	शुल्कको दर
	आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका क) भवन प्रति कोठा/सटर ख) जग्गा प्रति कठ्ठा/रोपनी ग) अन्य सम्पत्ति	
	आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका क) अस्थाई टहरा प्रति गोटा ख) छाप्रा प्रति गोटा ग) पसल प्रति गोटा घ) आवास प्रति बर्गफीट	
	सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल वर्गीकरण अनुसार प्रति पसल	
	अन्य	

नर बहादुर थापा मगर
सभापति

रामेछाप नगरपालिका वडा नं. ८ रामेछाप बजार स्थित हाट बजारमा साप्ताहिक रुपमा लाग्दै आएको **बैठकी शुल्क** आ.व.२०७५/०७६ को लागि देहाय अनुसार कायम गरिएको छ।

क्र.स.	विवरण	दररेट
१.	स्टलमा वस्ने प्रति व्यापारी	७५।-
२.	भाँडा कुडाँ प्रति व्यापारी	७५।-
३.	किराना पसल प्रति व्यापारी	३०।-
४.	विषादी विउ विजन पसल प्रति व्यापारी	३०।-
५.	कपडा पसल प्रति व्यापारी	४०।-
६.	काट्ने बंगुर प्रति गोटा	१००।-
७.	काट्ने राँगा प्रति गोटा	१५०।-
८.	चपल जुत्ता पसल प्रति व्यापारी	३५।-
९.	फलफुल तरकारी गेडागुडी प्रति भारी	१५।-
१०.	खाद्यान्न सामाग्री प्रति भारी	१५।-
११.	सुर्तिजन्य सामग्री प्रति भारी	५०।-
१२.	घरायसी सामाग्री प्रति भारी (नाङ्गला,हसियाँ लगायतका सामाग्री)	१५।-
१३.	टर्च,छाता,जुत्ता मर्मत प्रति व्यापारी	४०।-
१४.	पकाएको परिकार वेच्ने प्रति व्यापारी	१५।-
१५.	वगुर प्रति गोटा	२५।-
१६.	खसि वाखा प्रति गोटा	४०।-
१७.	कुखुरा प्रतिभारी (५ भन्दा वढी)	४०।-
१८.	कुखुरा प्रति गोटा	५।-

माथि उल्लेखित हाटकर दररेट विवरण उल्लेख नभएको अन्य सामानहरुको हकमा सामान हेरी न्यूनतम रु १५।- र अधिकतम रु. ३५।- सम्म लिन सकिने छ।

अनुसूची १०

(ऐनको दफा १० को उपदफा (१) संग सम्बन्धित)

सवारी कर, वार्षिक सवारी कर तथा सवारी दर्ता शूल्क

क्र.सं.	विवरण	पार्किङ शूल्क	इजाजत पत्र शूल्क
१.	बस, ट्रक, लरी, हेभी गाडीमा	५०।-	०
२.	भाडका कार, जिप	३०।-	०
३.	निजि मिनि बस	३०।-	०
४.	जोत्ने ठूलो ट्रयाक्टर	३०।-	०
५.	निजी मोटरसाईकल	१०।-	०
६.	ठेला/ रिक्सा सामान वोक्ने	०	१,०००।-
७.	पावर टेलर	१०।-	०
८.	अटो रिक्सा, म्याजिक भ्यान	२०।-	१,०००।-
९.	च्याफ्टीङ्ग इजाजत	०	५,०००।-
१०	बन्दुक नविकरण दस्तुर	१,०००।-	०

नर बहादुर थापा मगर

अनुसूची ११

(ऐनको दफा ११ को उपदफा (४) संग सम्बन्धित)

सेवा शूल्क, दस्तुरको दर

1. जग्गा रेखाकंनका लागि रामेछाप नगरपालिका क्षेत्र भित्र रहेका वडाहरुको लागि प्रति कित्ता प्रति पटक रु.२,१००। (दुई हजार एक सय) लिने ।
2. फोहर मैला व्यवस्थापनका लागि सेनिटरी ल्याण्ड फिल्ड साईट भएको वरपरका क्षेत्र बाट प्रत्येक हप्ताको मंगलबार र शुक्रबार नगरपालिकाको गाडीबाट फोहोर मैला उठाई लैजाने र सो वापत प्रत्येक घरधुरी संग मासिक रु. १००। र कार्ड बापत रु. ५०। लिने
3. चल अचल सम्पत्ति मूल्याङ्कन गर्दा निवेदन बापत रु.१०। र कुल जम्मा प्रतिलाख रु.२००। लिने ।
4. समूहलाई दर्ता शुल्क रु.१००। र नविकरण शुल्क रु.५०।
5. नाता प्रमाणित दस्तुर निवेदन रु. १०।- समेत कुल जम्मा रु.२१०।-
6. पञ्जिकरण सम्वन्धी जस्तै जन्म, मृत्यू, विवाह, बसाई सराई, सम्वन्ध विच्छेद घटना घटेको ३५ दिन पछि दर्ता हुन आएमा निवेदन रु. १०।- समेत कुल जम्मा रु.११०।-
7. नागरिकता सिफारीस दस्तुर निवेदन रु. १०।- समेत कुल जम्मा रु.११०।-
8. पंञ्जिकरण र नागरिकता प्रमाण पत्र लिन गरिएको प्रतिलिपी सिफारीसमा रु.२१०।-
9. जग्गा नामसारी सिफारीसमा निवेदन रु. १०।- समेत कुल जम्मा रु. २१०।-
10. चारकिल्ला प्रमाणित सिफारीसमा निवेदन रु.१०।- समेत कुल जम्मा रु.२१०।-
11. घर वाटो सिफारीस दस्तुर निवेदन रु.१०।- समेत कुल जम्मा रु.३१०।-
12. नक्सापास पुस्तीका रु.५००।-
13. निर्माण सम्पन्न प्रमाण पत्र निवेदन रु.१०।- समेत कुल जम्मा रु.२१०।-
14. चल अचल सम्पत्ति मूल्याङ्कन निवेदन रु.१०।- समेत कुल जम्मा प्रति लाख रु.२००।-
15. सर्जमिन मुचुल्का (फिल्डमा जानु पर्दाको वखत निवेदन रु.१०।- समेत कुल जम्मा रु.२१०।-)
16. अन्य सिफारीसमा निवेदन रु.१०।- समेत कुल जम्मा रु.१६०।-
17. नक्सा पास RCC प्रति ईस्क्वायर फिट रु.८।- ढुङ्गामाटोको रु.२।- र ट्रसको रु.१।- दस्तुर लिने ।
18. निवेदन दस्तुर रु.१०।-

अनुसूची १२

(ऐनको दफा १२ को उपदफा (३) संग सम्वन्धित)

विक्री शुल्क दर

काठ

क्र.स.	विवरण	इकाई	रकम रु.	
			चिरान	गोलिया
१.	सल्ला	प्रति क्यु फिट	५/-	४/-
२.	साज	प्रति क्यु फिट	९/-	८/-
३.	उत्तिस	प्रति क्यु फिट	४/-	३/-
५.	खयर	प्रति क्यु फिट	८/-	८/-
६.	साल	प्रति क्यु फिट	२५/-	२०/-
७.	चाँप	प्रति क्यु फिट	१५/-	१०/-
८.	अन्य जाति तथा कु-काठहरु प्रति ट्रक रु.२००/-			

सामुदायिक बन उपभोक्ता समितिले बन पैदावार विक्री तथा उपयोग गर्दा विक्री रकमको १० प्रतिशत नगरपालिकाको संचित कोषमा दाखिला गर्नु पर्ने छ ।

कृषिजन्य बस्तुहरु :

नर बहादुर थापा मगर
प्रमुख

क.सं.	विवरण	इकाई	रकम रु.
१.	फलफूल,आलु,गेडागुडी,खोर्सानी तथा तरकारी	प्रति के.जी.	-/५०

क. सं.	घाटगढ्ढी एवं बिक्री	संकलन	बिक्री
१.	प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री		
	क) ढुंगा, चुनढुंगा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा	३-	६-
	ख) माटो	०।५०	२-

नगरपालिकालाई प्राप्त हुनु पर्ने माथि उल्लेख भए बमोजिमका कर, शुल्क, दस्तुर, फि, रोयल्टी, जरिवाना आदि नतिर्नेको हकमा सम्वन्धितले नगरपालिकाबाट पाउने कुनै प्रकारको भुक्तानी रोक्का गर्न र सेवा रोक्का गर्न सक्नेछ । साथै नगरपालिकले आफूले पाउनु पर्ने राजस्व असुल कानून बमोजिम जुनसुकै प्रकारबाट गर्न सक्नेछ ।